**अमेरिकामा पनि घरेलु हिंसाबाट पीडित महिला**
*उमेश श्रेष्ठ*

अमेरिकाको प्रतिष्ठित कम्पनीमा कम्प्युटर इञ्जिनियरका रूपमा कार्यरत सुरेशसँग केही वर्षअघि पूजाको विवाह भएको हो । देश छाड्नुअघि आमाबाबुले पूजालाई सुरेशसँग बिहे हुनु ठूलो भाग्य सोचेका थिए । पतिको हरेक इच्छा पूरा गर्न सम्झाएका थिए उनीहरूले ।
सुरेशले आफ्नो जागिर गुमाउँदा पूजा भर्खर अमेरिकी जीवनशैली र वातावरणमा अभ्यस्त हुने प्रयास गर्दै थिइन् । अकस्मात् मैले चिनेको सुरेशभन्दा एकदमै फरक हनुभयो उहाँ, गहभरिको आँसुलाई पुछ्दै पूजाले बताइन् । व्यापक परिवर्तन भयो । उनीहरूले सहर फेरे, सुरेशले सानो फर्ममा जागिर पाए तर त्यसभन्दा पनि एउटा त्यस्तो घटना हुन पुग्यो, जसले गर्दा पूजाको जीवन नरक बन्न पुग्यो । अब सुरेश बढी नै हिंस्रक हुन थालेको छ । 'पहिले त उहाँ चिच्याएर मलाई गाली मात्र गर्नुहुन्थ्यो तर अहिले त हातै उठाउनुहुन्छ', पूजाले सुस्तरी बताइन् । उनी यो कुरा कसैलाई सुनाउन पनि डर मान्छिन् ।

अमेरिकामा घरेलु हिंसाको सिकार बन्ने उनी एक्ली छैनन् । अमेरिकाको ग्रेटर बोस्टन क्षेत्रमा हालै गरिएको एउटा सर्वेक्षणका अनुसार १८ देखि ६२ वर्षसम्मको उमेरका दुई सय नेपाली, भारतीय, पाकिस्तानी, बंगलादेशी र श्रीलंकाली मूलका महिलामध्ये ४० प्रतिशतले घरमा कुनै न कुनै किसिमको दुर्व्यवहार भोगिरहेका छन् । अमेरिकाको नेसनल इन्स्टिच्युट्स अफ हेल्थ ग्रान्टको सहयोगमा हार्वर्ड विश्वविद्यालयको स्वास्थ्य तथा सामाजिक व्यवहार विभागका सहायक प्राध्यापक डाक्टर अनिता राज र डाक्टर जय सिल्भरम्यानको संयोजकत्वमा उक्त सर्वेक्षण गरिएको थियो ।
दक्षिण एसियाली मूलका बासिन्दाप्रति लक्षित गरी घरेलु हिंसाका सम्बन्धमा गरिएको यसप्रकारको अध्ययनमा सहभागी २ सय महिलामध्ये ८३ प्रतिशत भारतीय र ११.३ प्रतिशत बंगलादेशी र बाँकी ५.६ प्रतिशतचाहिं नेपाली, पाकिस्तानी वा श्रीलंकाली थिए । हरेक वर्ष दक्षिण एसियाबाट सयौं विवाहित महिला सुखी जीवनको आशामा अमेरिका आउने गर्छन् । तर, उनीहरू घरेलु हिंसाको चक्रमा फस्न पुग्छन् ।

यस क्षेत्रमा कार्यरत स्वयंसेवी संस्थाहरूका अनुसार दक्षिण एसियाली समुदायमा घरेलु हिंसाको क्रम बढ्दो छ । कसैले हालै कम्प्युटर व्यवसायमा आएको मन्दीलाई यसको दोष दिएका छन् भने अधिकांशले प्रवृत्तिलाई नै कारक ठहऱ्याएका छन् ।
सर्वेक्षणमा सहभागी झन्डै एकतिहाई महिलाले पतिबाट शारीरिक दुर्व्यवहार भोग्नुपरेको बताए भने बाँकी १८.८ प्रतिशतले यौन दुर्व्यवहार हुने गरेको बताए । शारीरिक दुर्व्यवहार हुने गरेको बताउने दुईतिहाईले आफूमाथि यौन दुर्व्यवहार पनि हुने गरेको बताए ।

'तथ्यांकको स्थिति डरलाग्दो छ । हरेक हप्ता हामीले तीनदेखि चारवटा केस पाउने गरिरहेका छौं', डा. गौरी बेनर्जी बताउँछिन् । उनी इम्मानुएल कलेजकी प्राध्यापिका र बोस्टनको दक्षिण एसियाली समुदायमा कार्यरत गैरसरकारी स्वयंसेवी संस्था सहेलीका सदस्य पनि हुन् । उनी अगाडि भन्छिन्, 'यो सम्बन्धमा कुरा गर्न नचाहने अझै धेरै छन् । यस्तो विषयमा खुला रूपमा बताउन उनीहरू अझै धक मान्छन् ।'

उदाहरणका लागि अनुपमाको घटनालाई लिन सकिन्छ । चार वर्षअघि बोस्टन आउँदा उनमा नयाँ जीवन सुरु गर्ने सपना थियो । नहुनु पनि किन, उनका पति अशोक ग्रिनकार्डहोल्डर थिए र डेन्टल सर्जन थिए । उनले पनि भारतबाट फेसन डिजाइनिङको कोर्स गरेकी थिइन् । तर, अमेरिका आएको पहिलो हप्तामा नै उनको सपना चकनाचुर हुने क्रम सुरु भयो । एक रात विवादको क्रममा पतिले उनलाई चड्कन लगाए । अनुपमा स्तब्ध भइन् तर के गर्ने उनले थाहै पाइनन् । स्थिति त्यतिबेला झनै बिग्रन पुग्यो जब अशोकले आफ्नो निराशा उनीमाथि पोख्न थाले । उनी साह्रै डराइन् र यसबारे केही कुरा पनि अशोकको परिवारलाई बताउने आँट उनमा आएन ।

वर्ष दिनसम्म यो क्रम जारी रहेपछि अनुपमाले अन्ततः यसबारे बताउने हिम्मत जुटाइन् । उनका लागि अचम्मै भयो । उनको परिवारले उनलाई साथ दियो र उनलाई डिप्रेसनबाट उम्कन सहयोग गऱ्यो । उनले त्यसपछि जागिर पनि पाइन् । उनी सम्झिन्छिन्( शारीरिक दुर्व्यवहारपछि उसले कसैलाई बताइस् भने नराम्रो हुन्छ भनी दिने गरेको धम्की झन् डरलाग्दो हुन्थ्यो ।
सर्वेक्षणका संयोजक अनिता राज चुपचाप सहेर बस्ने यो समुदायको संस्कृति विनाशक हुने चेतावनी दिन्छिन् । उनी बताउँछिन्, एक महिलाले मलाई बताइन्, मेरा पति मलाई कहिल्यै पिट्नुहुन्न तर मलाई र मेरी ६ महिनाकी छोरीलाई भारत फर्काउने धम्की दिनुहुन्छ । यो त दश गुणा खराब भयो ।

यो अध्ययनले पत्ता लगाएको अर्को महत्वपूर्ण तथ्य के रह्यो भने थोरै महिलाले मात्र हिंसा भएको बताए । करिब १६ प्रतिशतले पुरुषबाट महिलामाथि कहिलेकाहीं हिंसा हुनुपर्ने विचार राखे ।
सर्वेक्षणले के पनि पुष्टि गऱ्यो भने घरेलु हिंसाले वर्ग, जाति र आर्थिक हैसियतको सीमा बुझ्दैन । बोस्टन क्षेत्रमा तीनवटा रेस्टुरेन्टका मालिककी पञ्जाबी सहरिया पत्नीले पनि मारवाडी गृहिणीले भोगेकै समस्या भोगिरहेकी छिन् । अधिकांश महिला डिपेन्डेन्ट्स भिसाबाट अमेरिका आएका हुन्छन् र पतिको आर्थिक स्थितिमा उनीहरू भर पर्नुपर्ने हुन्छ । त्यसैले यो समस्याको

हल कसरी गर्ने भन्ने कुरा उनीहरूलाई थाहै हुँदैन, डा. बेनर्जी बताउँछिन् । सहेलीकी सक्रिय सदस्य अनिता राजलाई दक्षिण एसियाली समुदायमा घरेलु हिंसाको बारेमा राम्रै ज्ञान छ । उनी भन्छिन्( यो अध्ययन यो विषयमा केही गर्न जरुरी छ भनी देखाउन गरिएको हो । अध्ययनको नतिजामा पनि यो क्षेत्रमा हस्तक्षेपकारी नीति ल्याइनुपर्नेतर्फ इंगित गरिएको छ । राज र बेनर्जी बताउँछन्, दुर्व्यवहार आफैं स्वतः रोकिंदैन ।

विदेशमा रहने दक्षिण एसियाली महिलासँग परिवार र साथीहरू पनि हुँदैन । त्यसैले उनीहरूको सहयोगका लागि सञ्जालको निर्माण गर्नु आवश्यक त छ नै, त्यसभन्दा बढी महत्वपूर्ण पीडित महिलाले समाजको बन्धनलाई तोडी अगाडि आई आफ्नो लडाइँ आफैं लड्न जरुरी हुन्छ ।

**रातो रंगबाट उत्साहित विधवाहरू**
*निर्मला शर्मा*

गएको असोज १८ गते बर्दियाकी ५३ वर्षीया मंगलादेवी जीवनमा पहिलोपटक खुसी भइन् । त्यसदिनदेखि उनले जीवनमा एक्लो भएको महसुस पनि गरेकी छैनन् । मंगलादेवीले त्यसदिनदेखि आफूलाई बलियो भएको महसुस पनि गरेकी छिन् जुन दिनदेखि उनले दशैंमा रातो टीका लगाउन थालिन् । मंगलाले मात्र होइन यसपालि बर्दियाका धेरै विधवा महिलाले उनले जस्तै खुसीको अनुभव गरे । कुरा यसैपाला दशैंको थियो । गुलेरियाका धेरै विधवा महिलाले पूर्णिमाको अघिल्लो दिन मंगलादिदीको घरमा सँगै बसेर रातो टीका लगाए । त्यसदिन उनीहरूमा छाएको खुसियाली नै बेग्लै थियो । देख्ने जोसुकैलाई पनि लाग्थ्यो( त्यहाँ ठूलै कुरा प्राप्त गरेका छन् उनीहरूले । तर, होइन उनीहरू वर्षौंदेखि वञ्चित भएको रातो टीका र रातो लुगा लगाउने आँट गर्नु नै खुसियाली ल्याउने कारकतत्व थियो त्यसदिन । ३१ वर्षअघि आफ्ना श्रीमान् गुमाएकी मंगलाका ३ छोरा, बुहारी र नाति(नातिना सँगै बस्छन् । तर, उनलाई जहिले पनि एक्लो भएको महसुस हुन्थ्यो । २२ वर्षको कलिलो उमेरमा विधवा भएकी उनलाई जहिले पनि एक्ली महिला भनेर सबैले हेप्थे । चिन्नेहरू त उनलाई विधवा भनेर हेपिहाल्थे, नचिन्नेहरू पनि उनको पहिरनका कारण चिन्थे र हेप्थे । सेतो टीका र सेतो पहिरन उनका लागि चिन्ने आधार हुन्थ्यो( मंगला भन्छिन् । तर, आजभोलि उनलाई यस्तो महसुस भएको छैन । अरू महिलाहरू जस्तै रातो टीका र रातो लुगा लगाउँदा उनलाई हेप्नेहरूको संख्यामा कमी आएको अनुभव भएको छ । उनीहरू आजभोलि आफूहरूलाई विधवा होइन एकल महिला भन्न रुचाउँछन् ।

एकल महिला समूह गठन गरेर संगठित हुन थालेपछि उनीहरूमा धेरै परिवर्तन आएको छ । गत वर्षदेखि फाटफुट रूपमा दशैंमा रातो टीका लगाउन सुरु गरेका हुन् उनीहरूले । लीला गुरुङ यसरी संगठित भएर समूहमा रातो टीका लगाउँदा आफूलाई एक्लो अनुभव नभएको बताउँछिन् । पहिला समूहमा मात्र रातो टीका लगाउँथ्यौं तर आजभोलि त घरमा पनि सासू( ससुराले रातो टीका लगाइदिनुहुन्छ( उनी भन्छिन् । यसैगरी एकल महिला समूह बाँकेकी संयोजक दुर्गा सापकोटा २१ वर्षको उमेरदेखि एकल छन् । १६ वर्षसम्म एक्लै बस्दा उनले घरपरिवारवाट सहयोग पाए तापनि समाजले हेयको दृष्टिकोणले हेर्ने गर्दथ्यो । तर, जब गत सालदेखि उनले आफ्नो पहिरनमा परिवर्तन गरिन् त्यतिबेलादेखि उनले यस्तोखालको यौन दुर्व्यवहार सहनु नपरेको बताउँछिन् । आखिर रातो टीका लगाउँदैमा केही हुने त होइन नि तर किन हो कुन्नि रातो पहिरन र रातो टीका लगाएर अरू महिलासरह भएर हिंड्न थालेपछि भने मानसिकता नै परिवर्तन हुने रहेछ, म पनि केही गर्न सक्छु भन्ने महसुस भएको छ । अरू महिलासरह भएर हिंड्दा बाटोमा हिंड्ने मान्छेहरूले पनि हेप्न नसकेको अनुभव हामीलाई भएको छ( दुर्गा बताउँछिन् । लामो समयदेखि अन्धविश्वासको रूपमा रहेको विधवाले सेतो लुगा र सेतो टीका लगाउने परम्पराले धेरै महिलाले हीनताबोध भएको महसुस गरेको कुरालाई लिएर अहिले धेरै जिल्लामा एकल महिला समूह गठन भएका छन् । काठमाडौं, बाँके, बर्दिया, दाङलगायतका अन्य जिल्लामा गरी करिब २४ वटा जिल्लामा एकल महिला समूह गठन भएका छन् । विधवा महिलालाई एकत्रित गरेर उनीहरूमा आत्मविश्वास जगाई स्वावलम्बन बनाउनु समूहको उद्देश्य रहेको केन्द्रीय अध्यक्ष लिली थापा बनाउनुहुन्छ । सुन्दा अचम्म लाग्छ किन गठन हुनुपर्‍यो एकल महिला समूह भनेजस्तो लाग्छ । तर, जब विधवा महिला सँगसँगै बसेर उनीहरूका कुरा सुन्नुपर्छ अनि भयावह लाग्छन् यी समस्या । यसपालाको दशैंमा बर्दियाका करिब ५० महिलाले गुलेरियास्थित मंगलादिदीको घरमा बसेर रातो टीका लगाउँदा व्यक्त गरेका पीडाहरू सुन्दा जोकोहीको पनि मन नछुने कुरै थिएन । आखिर हामीले सोच्दैनसोचेको कुरा भोगेका रहेछन् विधवा महिलाले । कालिका गाविसकी जमुना रेग्मी विधवा हुँदा मात्र १३ वर्षको हुनुहुन्थ्यो । हाल ४९ वर्षकी जमुनाले जीवनमा कहिल्यै ठाडो शिर बनाएर हिँड्न पाउनुभएन । हरेकपल उहाँलाई विधवा भनेर कुनै पनि शुभकार्यमा सहभागी गराइँदैन्थ्यो । विवाह, ब्रतबन्ध, पूजाआजामा उहाँले लुकेर बस्नुपर्थ्यो । यस्तो शुभकार्यमा उहाँजस्ता धेरै महिलालाई अहिले पनि गाउँघरमा जान बन्देज लगाइन्छ । यतिमात्र होइन, जमुनाले विधवा भएपछि लामो यात्रा पनि गर्न छोडेको बताउँछिन् । उनी भन्छिन्( एकपटक आफ्नै नातेदार बिरामी भएर काठमाडौं आउन बसमा चढेकी थिएँ त्यति नै बेला एक अपरिचित व्यक्तिले मलाई दुःख दियो । त्यतिबेला मैले सोचें( म विधवा भएकोले यो मान्छेले यौन दुर्व्यवहार गर्न खोजेको हो । मेरो पहिरन नै त्यतिबेला मलाई अपरिचित व्यक्तिले हेप्न सक्ने आधार भयो होला, त्यति नै बेला मैले सोचेको अनुभव हो यो । यस्ता धेरै घटनाले त्यतिबेला मलाई एकल भए पनि आफू एकल भएको पहिरन नलगाउन पाए हुन्थ्योजस्तो लाग्थ्यो । तर, परम्परागत रूपमा चलिआएको चलनलाई म एक्लै तोड्न सक्दिथें ।

गत वर्षदेखि जब एकीकृत भएर त्यहाँका महिलाले आफ्नो पहिरनमा परिवर्तन गरे त्यसबेलादेखि जमुना मात्र होइन अरू युवा

विधवा महिलाले पनि यो समस्या भोग्नु नपरेको बताउँछन् । यस वर्ष मात्र होइन गत वर्षदेखि त्यहाँका केही महिलाहरूले दशैंमा रातो टीका लगाएर वर्षौंदेखि रहिआएको परम्परालाई तोडेका थिए । यसरी रातो टीका लगाउनुअघि उनीहरूले समाजका अगुवा मान्छेहरूको भेला गराएर विधवाको पहिरनमा परिवर्तन गर्नुपर्ने प्रस्ताव राखेका थिए । साथै उनीहरूको बाँकी जीवन उत्साहपूर्ण रूपमा जिउन आयआर्जनतिर लगाउन पनि जोड दिएका थिए ।
यसरी देशको आधा जनसंख्या ओगेका महिलाहरू यसै त पछि छँदैछन् अर्कोतर्फ विधवा भएपछि बाँकी जीवन नै निराशामा बिताएर आयआर्जनको कामतर्फ लाग्नुको सट्टा रूढीवादी परम्परामा नै ग्रस्त हुन पुगे भने देशको आर्थिक स्थिति के होला । अर्कोतिर देशमा बढ्दै गएको द्वन्द्वका कारण धेरै महिलाहरू विधवा हुने क्रम बढ्दो छ । यसरी विधवा बनेका महिलाहरूले पनि बाँकी जीवन एकातिर पतिको वियोगमा र अर्कोतिर समाजको डरले केही नगरी बसे भने देशको विकास हुन सक्छ ।

विधवाले रातो टीका र पहिरनमा परिवर्तन ल्याउँदा मात्र खुसी मानेर बस्नुपर्ने स्थिति भयो भने उनीहरूबाट अरू के आशा गर्ने । त्यसैले कानुनतः बन्देज नभएका यस्ता कुरालाई परम्परागत रूपमा अंगाल्नुको कुनै औचित्य छैन । वामपन्थी लेखक मोदनाथ प्रश्रित वर्षौंदेखिका यस्ता धार्मिक मान्यतामा विश्वास गरेर पालना गर्नुभन्दा विज्ञानले प्रमाण गरेका कुरातर्फ सबैको ध्यान जानुपर्ने बताउनुहुन्छ । इशाभन्दा २ हजार वर्षअगाडि लेखिएको मनुस्मृति( ५ मा विवाहिता महिलाले पति मरेपछि पवित्र फलफूल खाएर शरीरलाई दुब्लो पार्ने र परपुरुषको नाम पनि लिन नहुने लेखिएको छ । यसैगरी आगिरश स्मृतिमा( पति मरेपछि जुन स्त्रीले रंगीन कपडा लगाउँछे त्यस्ती महिलाको पुरुष नरकमा जान्छ र आफू पनि नरकमा जान्छे भनिएको छ । त्यस्तै वृधहारित स्मृति, स्कन्द पुराण इत्यादि धार्मिक ग्रन्थहरूमा विधवा महिलालाई मानव जातिले पालना गर्न नसक्ने नियमहरू तोकिएका छन् । यस्ता धार्मिक ग्रन्थहरूलाई अझै पनि पुण्यतिथिलगायतका पर्वहरूमा पाठ गरिन्छ । जसका कारण आजको २१ औं शताब्दीमा पनि कुनै न कुनै रूपमा यसको पालना गरिंदै आएको छ । यसरी नारीलाई आफ्नो मात्र दासी बनाउने उद्देश्यले लेखिएका यस्ता धार्मिक ग्रन्थलाई पनि परिवर्तन गर्नुपर्ने टड्कारो खाँचो देखिएको छ । हुन त यी कुरा कानुनतः मान्य हुँदैनन् तर पनि कतिपय यस्ता ग्रन्थमा लेखिएका कुराले कानुनजस्तै सामाजिक मान्यता पाएका छन् । यस्ता अन्धविश्वास हटाउनेतर्फ सबैको ध्यान जान जरुरी छ ।

**श्रीमतीको थर लेखेपछि....**
*जयराम गौतम*

तपाईं विवाहित हुनुहुन्छ ? यदि हुनुहुन्छ भने तपाईंकी श्रीमतीले माइतीको थर छाडेर तपाईंको थर लेख्छिन् होला । हाम्रो समाजमा यो कुरालाई सामान्य रूपमै लिइन्छ । तर, तपाईंले कहिल्यै श्रीमतीको थर आफ्नो थरको पछाडि थप्नेबारेमा सोच्नुभएको छ ?
सुनसरी धरानका हरिशंकर उपाध्याय आचार्यले आफ्नो थरका पछि श्रीमतीको थर लेखेर समानताको एउटा उदाहरणीय कार्यको थालनी गरेका छन् । उनी आफ्नो नाम हरिशंकर उपाध्याय आचार्यमा श्रीमतीको थर तुम्वाहाम्फे पनि थपेर हरिशंकर उपाध्याय आचार्य तुम्वाहाम्फे भनी परिचय दिन्छन् ।

हिन्दू, इस्लाम, बौद्धलगायतका प्रायः सबै धर्ममा विवाहित महिलालाई श्रीमान्को थर लेख्नुपर्ने सामाजिक बाध्यता थोपरेको छ । जसले गर्दा विवाह गरेपछि क्षणभरमै एउटा थर भएकी महिला अर्को थरमा परिवर्तित हुन पुग्छिन् र श्रीमान्कै थर लेख्नुपर्ने बाध्यता भएको युवा पुरोहित केशव ढकाल भन्छन् । हिन्दू धार्मिक पद्धतिअनुसार विवाह गर्दा जग्गेमा नै छोरी मान्छेको थर बदलिने परम्परा छ । विवाह पछि आफू जन्मिएको घरको भन्दा विवाह गरेर गएको घरको थरले चिनिनुपर्ने भएकाले हुनुपर्छ, नेपाली समाजमा 'स्वास्नी मान्छेको थर हुँदैन' भन्ने गरिएको पाइन्छ ।
कामका सिलसिलामा अचेल धरानमा बस्दै आएका हरिशंकर पश्चिम नेपालको कालिकोट जिल्लामा ब्राह्मण परिवारमा जन्मिएका हुन् । महिलालाई अर्धांगिनी भनिन्छ तर, व्यवहारमा दासको जस्तो व्यवहार गरिन्छ । हरिशंकर आफ्नो जीवनसाथी श्रीमतीसँग वास्तविक जीवनमा समान हुनका लागि उनको थर लेख्न थालेको बताउँछन् । 'नारा र भाषणमा समानताका चर्का कुरा गरिन्छ तर व्यवहारमा त्यस्तो नभएकाले त्यसका विरुद्ध मैले यो कामको सुरुवात गरेको हुँ'( उनको भनाइ छ ।
एक(अर्काले एक(अर्काको थर लेखेर मात्र समानता हुन्छ भन्ने लाग्दैन यो जोडीलाई । व्यावहारिक जीवनमा समेत उनीहरू एक( अर्काका विचारको सम्मान र कदर गर्छन् । 'हामी एक(अर्कालाई माया मात्र गर्दैनौं सम्मान पनि गर्छौं'( हरिशंकरको जीवनसाथी इक्साहाङमा तुम्वाहाम्फे उपाध्याय भन्छिन् ।
हरिशंकरसँग आफ्नो थरका पछाडि श्रीमतीको थर लेख्न थालेपछि धेरै ठाउँमा धेरैपटक आलोचना खेप्नुपरेको अनुभव छ । कतिले उनलाई जोइटिङग्रे भन्नसमेत पछि परेनन् । तर, उनले के बुझेका छन् भने समाजमा पहिलोपटक नयाँ काम गर्दा परम्परागत सोच राख्ने समाजले यस्तै गर्छ । 'यो कुरालाई समाजले सजिलै पचाउँछ भन्ने त मलाई पनि कहाँ लागेको थियो र ?'( उनी भन्छन् ।
महिलालाई सम्मान गर्नुपर्छ भन्ने उनको सोचाइ छ । त्यही सोचाइका कारण विवाह गरेपछि श्रीमतीको थरसमेत राख्छु भन्ने निर्णय विवाह गर्नुभन्दा अगाडि नै उनले गरिसकेका थिए । २०५८ साल मंसिरमा उनले इक्साहाङमा तुम्वाहाम्फे उपाध्यायसँग प्रेमविवाह गरे । जातीय विभेदको अन्त्यका लागि अन्तर्जातीय विवाह राम्रो विकल्प हुने उनको विचार छ । त्यही विचारका कारण इक्साहाङ्मासँग उनले अन्तरजातीय विवाह गरेका थिए । उनले सोही सालको पुसमा आफू कार्यरत गैरसरकारी संस्था

बालबालिका तथा महिला जागृति केन्द्रको साधारणसभामा आफ्नो थरसँग श्रीमतीको थर जोडेर पहिलोपटक आफ्नो परिचय सार्वजनिक गरेका थिए । त्यहाँ उपस्थित सहभागीहरू चकित भएको सम्झँदै उनी भन्छन्('कानेखुसी गर्ने र संकोचको भावले हामीलाई नहेर्ने मान्छे नै थिएन ।'

सामाजिक रूपमा विवाहित महिलाले पतिको थरमा लेख्नुपर्ने अनिवार्यता भए पनि कानुनी रूपमा त्यसो गर्नु बाध्यता छैन । सुनसरी जिल्लाका सहायक सरकारी वकिल कुमार अधिकारी विवाहित महिलाले श्रीमान्को थर अनिवार्य रूपमा लेख्नुपर्ने कानुनी बाध्यता नरहेको बताउँछन् । 'विवाहित महिलाले सामाजिक नियमका आधारमा श्रीमान्को थर लेख्नुपर्ने बाध्यता होला तर, कानुनका दृष्टिले त्यसो गर्नु अनिवार्य छैन'( अधिकारी भन्छन् । महिलाको नागरिकता, शैक्षिक लब्धांकपत्र आदिमा माइतीपट्टिकै थर लेखिएको भए पनि कानुनलाई मान्य हुने गरेको छ । हुनत केही वर्षयता आएर हेर्ने हो भने महिलाले माइती र घरको दुवै थर लेख्ने प्रचलन पनि बढ्दै छ तर केही महिलाले माइती थर मात्र लेख्ने गरेका छन् ।

हरिशंकरले सुनसरीको प्रमुख जिल्ला अधिकारी स्थानेश्वर देवकोटा दुवैजनाको थर राखेर विवाह दर्ता र नागरिकता बनाउन मिल्ने(नमिल्नेबारेमा कुरा पनि गरेका थिए । उनका अनुसार प्रजिअ देवकोटाले सकारात्मक जवाफ दिनुभएको थियो । तर, उहाँको सरुवा भएपछि त्यो कुरा पनि त्यत्तिकै सेलाएर गयो । श्रीमान्को थर महिलाले लेख्नुपर्ने सामाजिक बाध्यता तुरुन्त बदल्न नसकिए पनि त्यसका विरुद्ध एउटा इँटा थप्ने काम गरेका छन्, हरिशंकरले । कानुनी रूपमा लोग्नेको थर लेख्नुपर्ने बाध्यता नभए तापनि सामाजिक कानुनका रूपमा रहेका यस्ता परम्पराले जरा गाडेका छन् । कतिपय अवस्थामा लोग्नेलाई चिन्ने मान्छेले श्रीमतीका नामपछाडि लोग्नेको थर राखेरै लेखिदिने परम्परा पनि रहिआएको छ । महिलालाई माया, प्रेम मात्र दिएर हुँदैन उनीहरूको सम्मान गर्नु पनि उत्तिकै महत्वपूर्ण छ । अधिवक्ता दर्शन राई हरेक धर्ममा विवाहित महिलाहरूले श्रीमान्को थर लेख्नुपर्ने सामाजिक बाध्यता भएको नेपाली समाजमा हरिशंकर उदाहरण भएको बताउँछन् । 'हरिशंकरले श्रीमतीको पनि थर लेख्नु कानुनीभन्दा बढी भावनात्मक कुरा हो'( अधिवक्ता राई भन्छन् ।

हरिशंकर र इक्साको जीवनमा नयाँ सदस्यको रूपमा हालै छोरी थपिइएकी छिन् । उनीहरूले आशा गरेका छन् छोरी बालिग भइसक्दा कानुनी रूपमै आमा र बुबा दुवैको थर राख्ने मान्यता प्राप्त गर्ने छिन् । श्रीमतीको परिचयबाट चिनिनसमेत हिचकिचाउने समाजमा हरिशंकरजस्तो आफ्नो नामका पछाडि श्रीमतीको थर लेखेर बाहिर आउने मान्छेलाई सबैले स्वागत गर्नुपर्छ, सम्मान गर्नुपर्छ ।

**ढाका बुनेरै घरघडेरी जोड्दैछन् महिलाहरू**
*चेतन अधिकारी*

पैसा, नाम र इज्जत कमाउनका लागि सरकारी जागिरे नै भइरहनुपर्दैन । आफ्नै घरमा बसीबसी गरेको श्रमबाट पनि ती सबै कुरा प्राप्त गर्न सकिन्छ भन्ने उदाहरणको रूपमा ढाका व्यवसायी महिलाहरू देखापरेका छन् । पूर्वी पहाडी जिल्लाबाट विभिन्न उद्देश्य बोकेर काठमाडौं छिरेका महिलाहरू अन्ततः आफ्नो सानो लगानी र सीपबाट थोरै समयमा नै सफल उद्यमी बन्न सफल भएका छन् । अर्काको काम गर्नुभन्दा आफ्नो काम गरेर कमाउनुको आनन्द नै बेग्लै हुँदोरहेछ( १६ वर्षअघि ताप्लेजुङको सिनाम गाविसबाट गलैंचा बुन्नका लागि काठमाडौं आएकी राजकुमारी थेवे बताउँछिन् । चार वर्षसम्म गलैंचा कारखाना र दुई वर्ष अर्काको तानमा ढाका बुनेर बसेकी थेवेले १२ वर्षअघि आफैं ढाकाको तान सुरु गरेकी हुन् ।

सानैदेखि स्वावलम्बनको भावना बोकेकी तेह्रथुमको संक्रान्ति गाविसकी चन्द्रकला सुब्बा लोग्नेको जागिरमा आश्रित भएर बाँच्न चाहिनन् । १५ वर्षअघि लोग्नेको जागिरको सिलसिलामा काठमाडौं पसेकी सुब्बा एक वर्षसम्म के व्यवसाय गर्ने भनेर अलमलमा परिन् । त्यसबेला मेरो लोग्ने राष्ट्रिय वाणिज्य बैंकमा जागिरे हुनुहुन्थ्यो तर उहाँको कमाइमा म पराधीन हुनुभन्दा आफैं व्यवसाय गरेर पैसा कमाउँछु भनेर रोजगारीको खोजीमा लागें( सुब्बा भन्छिन् ।

सामान्य लेखपढ मात्र गरेकी सुब्बाले त्यतिबेला बल्लतल्ल ढाका बुझ्न सिकाउने जागिरे पाइन् । 'ढाका बुन्न गाउँमा हुँदा नै सिकेकोले मलाई जागिर पाउन अलि सजिलो भयो'( सुब्बाले भनिन् । १४ वर्षअघि ताहाचलको एक ढाका उद्योगमा काम गरेबापत उनी मासिक नौ सय रुपैयाँ बुझ्थिन् । ९ महिनाको अनुभवले मलाई आफैं व्यवसाय सञ्चालन गर्न उत्प्रेरित पनि गऱ्यो( यसको कारणबारे सुब्बा थप्छिन्( महिनाभरि काम गऱ्यो तलब लिने बेलामा मालिकले किचकिच गर्ने, श्रमको मूल्य लिन पनि ठूलो समस्या पर्ने ।

अर्काको कारखानामा काम गर्दा महिलाले आर्थिक, मानसिक र शारीरिक शोषणसमेत सहनुपर्ने दुःखेसो राजकुमारी थेवेको छ । अविवाहित थेवे गलैंचा कारखानामा काम गर्दा मालिक र पुरुष मजदुरहरूको यौन दुर्व्यवहार पनि सहनुपरेको बताउँछिन् । आत्मनिर्भरताका लागि आफ्नै व्यावसाय सञ्चालन गर्न इच्छा राखेकी चन्द्रकलाको २०४९ सालमा जागिरको आम्दानीले एउटा तान किनिन् । १० हजार रुपैयाँबाट किनेको एउटा तानले वर्ष दिनमा उनले २० हजार कमाएर अरू दुईवटा तान पनि थपिन् । ढाकाको माग पनि बढ्दै गयो, नाफा पनि हुँदै गयो । त्यही नाफाबाट अहिले मसँग २० वटा तान छन्( व्यावसायिक

सफलताको कथा सुनाउँदै उनी भन्छिन् ।

भक्तपुर नगरपालिका(१५ सानोबेसीमा सुब्बाले चन्द्रकला ढाका उद्योग नामको घरेलु उद्योग गत साल मात्र घरेलु उद्योग कार्यालयमा दर्ता गराएकी हुन् । उनको उद्योगमा अहिले प्रत्यक्ष रूपमा २० जना महिलाले रोजगार पाएका छन् । पाँचथरको गढीबाट रोजगारकै खोजीमा काठमाडौं आएकी सुसन सुब्बा चार वर्षदेखि चन्द्रकलाको ढाका बुनेर बसेकी छिन् । सुसन भन्छिन्( मेरो आम्दानी महिनाको तीन हजार हुन्छ यो रकम बचत गरेर भविष्यमा म पनि ढाका उद्योग खोल्न चाहन्छु । चन्द्रकलाका लोग्नेले उहिल्यै जागिर छोडे तर उनको आम्दानीले घरव्यवहार चलाउन कुनै समस्या परेन । चन्द्रकलाका अनुसार छोराछोरीको स्कुल फि, बिहानबेलुकीको खानादेखि यावत् आर्थिक व्यवहारको स्रोत यही ढाका नै हो । ढाकाकै आम्दानीले उनले २०५३ सालमा भक्तपुर चुनदेवीमा ७ आना जग्गासमेत निकेकी छिन् । त्यसबेला त्यो जग्गालाई ५ लाख रुपैयाँमा किनेकी हुँ( आम्दानीको हिसाब दिँदै उनले भनिन् । यो वर्ष घर बनाउने योजनामा उनी छिन् । भन्छिन्(मेरो सबै खर्च कटाएर महिनामा ५० हजार रुपैयाँ बचत हुन्छ ।

सिलाएर कपडाको आकार दिइरहनु नपर्नाले खासै ठूलो सीपको आवश्यकता पर्दैन यो व्यवसायका लागि । अरू महिलाहरूलाई पनि यस व्यवसायमा आउन प्रोत्साहित गर्दै चन्द्रकलाले भनिन् ।
ढाका व्यवसाय गरेरै छोटो समयमा सफल उद्यमी बनेका सीता र भीमा सुब्बाको पनि रमाइलो अतीत छ । २०४७ सालतिर तेह्रथुमको जलजले गाविसबाट उच्चशिक्षा अध्ययनका लागि पद्मकन्या क्याम्पस भर्ना भएका ती संगिनीहरूलाई घरबाट ल्याएको खर्चले काठमाडौंमा पालिन धौ(धौ पर्‍यो । त्यसकारण तिनीहरू वैकल्पिक व्यवसायको खोजीमा लागे । २०४७ सालमा नै चन्द्रकला दिदीसँग सल्लाह गरेर भक्तपुर नगरपालिका सल्लाघारीमा एक(एकवटा तान राख्यौं, भीमा भन्छिन्( त्यसबेला हामीले १५(१५ हजार रुपैयाँ लगानी गरेका थियौं ।

गरे के नहुने रहेछ र क्याम्पस जाँदै बचेको समय तान चलाएका ती संगिनीले पार्टटाइम रूपमा सुरु गरेको ढाका व्यवसायले चार वर्ष नबित्दै एउटा घरेलु उद्योगको रूप लिन पुग्यो । २०५३(०५४ सालसम्मा ९ वटा तान हालिसकेका थियौं( भीमा आफ्नो सफलता सम्झँदै भनिन् ।
उनीहरू ढाका कपडा स्वदेशी र विदेशी अर्डरअनुसार तयार गर्ने गर्दछन् । व्यवसायीहरूका अनुसार ढाकाका कामदारहरूलाई प्रतिथान १०० देखि डेढ सयसम्म फाइदा हुन्छ । भीमा र सीताले विविध कारणले खुलेर आफ्नो आम्दानीको हिसाब दिन नचाहे पनि ढाका बुनेरै १५ लाख रुपैयाँबराबरको घडेरी काठमाडौंमा किनिसकेको उनीहरू बताउँछन् ।

१२(१४ वर्षअघि ताप्लेजुङ, तेह्रथुम र पाँचथरका गाउँबाट काठमाडौंमा गलैंचा बुन्ने जागिर पाइने आशामा थुप्रै बेरोजगार महिला काठमाडौं आएका थिए । त्यही क्रममा राजकुमारी थेवे पनि काठमाडौं आएकी हुन् । राजकुमारी अहिले कीर्तिपुर नगरपालिकाको पांगामा ढाका व्यवसाय सञ्चालन गरेर बसेकी छिन् । भन्छिन्( गलैंचाकी नोकर्नी हुन काठमाडौं आएकी तर ढाकाकी मालिक्नी बन्न पुगें । राजकुमारीसँग अहिले ९ वटा तान रहेका छन् । उत्पादित ढाका उनी महाबौद्धमा बेच्छिन् ।

बिनापैसा काठमाडौं आएकी राजकुमारीले दुःखजिलो गर्दै कमाएको पैसाले गत वर्ष आफ्नै गाउँमा ३० मुरी धान फल्ने खेत अढाइ लाख रुपैयाँमा किनेकी छिन् । १० कक्षासम्मको अध्ययन गरेकी राजकुमारी भन्छिन्( महिलाहरू खुलेर व्यवसायमा लाग्न नसक्नुको कारण आत्मविश्वासको कमी रहेछ । म पनि केही गर्न सक्दिन भनेर गाउँमै बसेकी भए अहिले कसरी यस्ती हुनसक्थें र ?
३६ वर्षीया राजकुमारीले आफ्नो खुट्टामा उभिन सक्ने वातावरण बनाएपछि दुई वर्षअघि मात्र बिहे गरिन् ।

तान बुनेर प्रशस्त आम्दानी कमाइरहेका भक्तपुरका दिलमाया र विष्णु लिम्बुहरूको अनुभवमा महिलाहरूले लोग्नेले पाल्छ भन्ने मानसिकता त्याग्न सकेमात्र व्यवसाय गर्न सक्छन् ।
यी उद्यमीहरू आफूले उत्पादन गरेका कपडा सानो हस्तकला भण्डार कुपण्डोलमा बिक्री गर्दछन् । उनीहरूको कुनै समूह वा संस्था नभएकोले व्यक्तिगत ढंगले त्यहाँ लागेर सामान बेच्छन् । सानो हस्तकलाका मार्केटिङ अफिसर श्रीप्रकाश बज्राचार्य घरेलु कपडा खासगरेर जापान निर्यात हुने गरेको बताउँछन् । उनी भन्छन्( साना व्यवसायीलाई उत्साहित गर्ने हाम्रो नीति हो । सोही हस्तकलाकी सिनियर सेल्समेन विद्यालक्ष्मी श्रेष्ठ ढाका व्यवसायीहरूलाई समूहगत रूपमा सामान ल्याउन सल्लाह दिन्छिन् । समूहलाई प्राथमिकता दिएर हामी सामान किन्छौं( श्रेष्ठले भनिन् । समूह बनेर आउँदा कहिलेकाहीं व्यवसायीलाई विदेश पठाउनसमेत सजिलो पर्ने हुनाले समूहलाई प्राथमिकता दिने गरेको कुरा सानो हस्तकलाले जनाएको छ । तर, ढाका व्यवसायीहरूले भने अझैसम्म संगठित व्यवसायको सोच ल्याइएका छैनन् ।

**महिला बचत समूहले उब्जाएको उत्साह**

*नीलबहादुर खड्का*

केही वर्षअघिसम्म नुन, तेल र मसलालगायतका घरायसी अत्यावश्यक उपभोग्य सामग्रीहरू खरिद गर्नसमेत छिमेकीहरूसँग पैसा सापटी माग्नुपर्थ्यो सर्लाही ढुंग्रेखोलाकी सीता वाइवालाई । विगत केही वर्षदेखि सर्लाही जिल्लाका टोल(टोलमा महिलाको सक्रियतामा स्थापित बचत समूहकै कारण सीता वाइवालाई हात पसार्नुपर्ने अवस्था टरेको छ ।

सर्लाहीकै कर्मैया गाविस( ४ की गंगादेवी परियारलाई वर्षभरि अरूको थोत्राथात्री कपडा सिलाउने कामले घर चलाउन उनले अनेकौं समस्यासँग पौंठेजोरी खेल्नुपर्थ्यो । बचत समूह स्थापना भएपछि भने उनका दु:खका दिन हराउँदै गएका छन् । गंगादेवी भन्छिन्('अब मैले घर चलाउन अरूका थोत्रा कपडा सिलाइरहनुपर्दैन ।'

२०५८ सालमा आफ्ना लोग्ने मलेसिया गएपछि सर्लाही सोल्टीबजारकी करुणा दर्लामीका लागि घर चलाउन धौधौ पर्‍यो । सुरुमा घरायसी खर्च चलाउनका लागि माइतसमेत पुग्थिन् उनी । 'लोग्नेले मलेसियाबाट पैसा नपठाए पनि अब त समूहमा बचत भएको पैसाले नै घर चलाउन सक्छु भन्ने कुरामा विश्वस्त छु म ।' सीता, गंगादेवी र करुणाको मात्र होइन, स्थानीय बचत समूहका कारण त्यस क्षेत्रका उनीहरूजस्ता सयौं महिलाको घर चलाउने समस्या सजिलो भएको छ । ।
सर्लाहीका अधिकांश गाउँमा महिलाहरूकै सहभागिता र क्रियाशीलतामा थुप्रै बचत समूह खुलेका छन् । स्थानीय निरक्षर महिलाको आर्थिकस्तर उकास्ने उद्देश्यले खुलेका ती बचत समूह अहिले उनीहरूका लागि बरदान साबित भएका छन् ।

एउटै गाउँका ८/१० घरका महिलाहरूको क्रियाशीलतामै पनि स्थापना हुने त्यस्ता बचत समूहहरू आधिकारिक रूपमा कहीं कतै दर्ता भएको पाइँदैन तर पनि यस्ता सामूहले उनीहरूको आर्थिक स्तर उकास्न निकै मद्दत पुर्‍याएको पाइन्छ । ८/१० जना महिलाहरूको सहभागिता हुनासाथ 'महिला बचत समूह' भनेर खोलिने त्यस्ता समूहको कार्यालय पनि कहीं कतै खुलेको पाइँदैन । स्थानीय शंकरपुर गाविस वडा नं. १ स्थित एक महिला बचत समूहकी अध्यक्ष गीता निरौला भन्छिन्( 'हामीहरूजस्ता ८/१० जना महिला हुनासाथ समूह खोलिन्छ । यसको लागि सधैंभरि अफिस नै खोलेर बस्नुपर्ने आवश्यकता पनि छैन । हामीले त एउटा रजिष्टर र कलमको भरमै हाम्रो समूह चलाएका छौं ।'

सर्लाहीका ती क्षेत्रहरूमा न्यूनतम ८/१० जनादेखि १ सयभन्दा बढी सदस्य भएका बचत समूहहरू थुप्रै छन् । निश्चित संख्या पुगेपछि महिलाहरूले समूह कसरी चलाउने र कसरी आर्थिकस्तर बढाउने भन्ने सम्पूर्ण नियम पनि आपसी सहमति र समझदारीमै बनाउँछन् । यस्ता समूहहरू आफ्नै हितका लागि खुलेका र अधिकांश निरक्षर महिलाको सहभागिता रहने भएकाले विधान बनाउने, दर्ता गर्नेजस्ता आधिकारिक कार्य गर्न नगरिएको ढुंग्रेखोलास्थित एक बचत समूहकी सचिव उर्मिला थापा बताउँछिन् ।

कतिपयले आफ्ना बचत समूहको नामाकरण पनि गर्ने गरेको भए तापनि नामबिना नै सञ्चालित समूहको संख्या उल्लेख्य पाइन्छ । एक(आपसका तीन घरका सासु, बुहारी र छोरीसमेतको मिलेमतोमा स्थापना भएका बचत समूहहरू पनि थुप्रै भएको बताउँदै उर्मिला भन्छिन्( 'समूह खोल्न के गर्नुपर्छ ? के कसरी यसलाई अगाडि बढाउने भन्ने हाम्रो कुनै निश्चित मापदण्ड र कानुन छैन । महिलाहरूले नै आ(आफ्नो हितअनुकूल आपसी समझदारीमा समूह खोल्ने र कार्य सञ्चालन गर्ने गरेका छन् ।' कतिपय समूहहरूले एक(आपसमा अध्यक्ष, उपाध्यक्षलगायतका पदहरूसमेत विभाजन गर्ने गरेको पाइन्छ । 'हरेक क्रियाकलापमा सबैको समान भूमिका हुने हुँदा बिना पद विभाजन सञ्चालित समूहहरू पनि थुप्रै छन्' उर्मिला भन्छिन् ।

समूह स्थापना भएपछि त्यसको आर्थिक कारोबार कसरी अगाडि बढाउने भन्ने कुरा समूहैपिच्छे फरक(फरक रहेको पाइन्छ । त्यस्ता समूहहरूले निश्चित रकम र दिन तोकी रकम संकलन गर्ने गरेको पाइन्छ । बागमती महिला बचत समूह नामाकरण गरिएको सीता वाइवासमेतको सहभागितामा स्थापित ढुंग्रेखोलास्थित बचत समूहले हरेक सोमबार र बिहीबार गरी हप्तामा दुईपटक सहभागी सदस्यहरूबाट रकम उठाउँछन् ।

जम्मा १९ जना सदस्य रहेको उक्त समूहले सहभागीबाटै हरेकपटकमा २० रुपैयाँका दरले पैसा उठाउँदा महिनामा लगभग ३४ सयजति हुन्छ । 'मासिक रूपमा जम्मा हुने पैसा सकेसम्म कोष बढाउने र त्यसपछि समूहकै सदस्यहरूको हितमा लगाउने गरेका छौं ।' सीता भन्छिन् । उनका अनुसार हरेकपटक जम्मा हुने पैसा महिना नपुगुञ्जेलसम्म समूहकै सदस्यमध्ये एकजनाले राख्ने र महिनाको अन्तिम सोमबार वा बिहीबार कहाँ के गर्ने भन्ने निर्णय गरिन्छ । समूहबाहेकका अन्यलाई दिइए मासिक पाँच प्रतिशतका दरले ब्याज लिइने तर समूहभित्रैका सदस्यलाई निर्व्याजी किस्ताबन्दीमा तिर्ने गरी दिइने गरेकाले नै महिलाहरूले घरायसी सामग्री किन्न अरूकोमा हात पसार्नुपर्ने बाध्यता टरेको अनुभव पनि सुनाउँछिन् उनी ।

समूहमा जम्मा भएको पैसामध्ये एकपटक ६ हजार रुपैयाँ लिएर उन्नत जातको बाखापालन व्यवसाय सुरु गरेकी कर्मैयाकी गंगादेवीले समूहको पैसामात्र तिरेकी छैनन्, उक्त व्यवसायकै कारण अब हरिऔन बजारमा लेडिज टेलर्स खोल्ने सोच बनाएकी छिन् । गंगादेवी भन्छिन्('अहिले एकातर्फ हाम्रो समूहको कोष पनि बढेको छ भने मेरो बाखापालन पनि राम्रैसँग फस्टाएको छ । पहिला २/४ सय नपत्याउनेहरूले पनि अब त २/४ हजारै पत्याउन थालेका छन् ।'
स्थानीयस्तरका गाउँलेहरूले महिला बचत समूहका पैसा पाँच प्रतिशत मासिक ब्याजदरमा लिने गरेको र त्यसरी दिंदा कोषमा

रकम पनि चाँडै वृद्धि हुने भएकाले नै सकेसम्म समूहको पैसा व्याजमा दिने कुरालाई प्राथमिकता दिइने गरेको बताउँछिन् शंकरपुरस्थित महिला हित बचत समूहकी अध्यक्ष सुनिता कार्की । 'स्थानीय वासिन्दाहरूले पनि आवश्यक पर्दा बैंक वा गाउँका साहु(महाजनबाट भन्दा पनि समूहबाटै व्याजमा पैसा लिने कुरालाई प्राथमिकता दिने गरेका छन् ।' व्याजमा लगाउने नै कोष बढाउने सबैभन्दा उत्तम विकल्प भएको उनको अनुभव छ ।
सीता, गंगादेवी, करुणा र गीताका मात्र होइन, समूहमा आबद्ध उनीहरूजस्ता सयौं महिलाहरूको आर्थिक स्तर अहिले समृद्ध बन्न थालेको छ । समूहकै कारण उनीहरूजस्ता निम्न आय भएका महिलाहरूको नुन(तेल र मसला किन्ने तथा छोराछोरीको पालनपोषण र पढाइ लेखाइका लागि रकम जुटाउन घर(घरै चहार्दै हिंड्नुपर्ने समस्या पूर्णतः टर्न थालेको छ ।